पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

पाल्हीनन्दन,नवलपरासी लुम्बिनी प्रदेश

## सिलबन्दी बोलपत्र/दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७८/०८/२२

यस पाल्हीनन्दन गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रमहरु अनुसार तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापटा को माध्यमबाट गराउनुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र /दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस पाल्हीनन्दन गा पा को website: www.palhinandanmun.gov.np मा हेर्नु होला ।

***शर्तहरु :***

१. सम्बन्धित कागजातहरु संलग्न राखी यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले दरभाउ पत्रको हकमा १५ औं दिनसम्म र वोलपत्र पत्रको हकमा ३० औं दिनसम्म यस कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजश्व संकलन खाता नं.२४८०३०००००००४००२००१ मा जम्मा गरेको भौचर सहित बोलपत्र/दरभाउ संम्बधि प्रकाशित सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. बोलपत्र पत्र खरीद गर्दा आ.व.०७८/७९ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७७/७८ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. खरीद गरिएका वोलपत्र/दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्र पत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको दरभाउ पत्रको हकमा १५ औं दिनसम्म र वोलपत्रको हकमा ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी बोलपत्र/दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र/दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र /दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी /दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. सिलबन्दी बोलपत्र /दरभाउ पत्रको प्रत्येक आइटमको दर भ्याट वाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । बोलपत्र पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

७. बोलपत्र/दरभाउ पत्रसाथ जमानत वापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउँपालिकोको कार्यालय,पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३००००३०००००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी बोलपत्र /दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा दरभाउको हकमा ९० म्याद भएका र बोलपत्रको हकमा १२० म्याद भएको बाणिज्य वा सो सरह बैंकवाट जारी भएको बैंक जमानत (***Bid Bond***) संलग्न हुनुपर्नेछ ।

८. कुनै पनि बोलपत्र पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र बोलपत्र /दरभाउ पत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।

९. बोलपत्र पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी बोलपत्र /दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई सिलबन्दी बोलपत्र /दरभाउ पत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. बोलपत्र पत्र स्वीकृत भइसकेपछि कवोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वन्ड (***Performance Bond)*** पेश गरी सम्झौता गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१४. सिलबन्दी बोलपत्र दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१५. यस पाल्हीनन्दन गाउँ कार्यपालिकाको आथिक ऐन अनुसार तोकेको ब्यवसायी कर तिरेको रसिद अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

***बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण***

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.( भ्याट बाहेक) | धरौटी रकम ( रु.) | बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०७/०७८/७९/ PNRM /NCB | बोलपत्र | राधा कृष्ण माध्यमिक विद्यालय भवन निर्माण गर्ने कार्य, पाल्हीनन्दन गाउँपालिका-५ | २८,३५,२९५/०० | ८१,०००/०० | ३,०००/०० |
| २. | ०८/०७८/७९/ PNRM/NCB | दरभाउ पत्र | हल्दि टोलाको सडक स्तोनातरी, पाल्हिनान्दन -५ | १७,१८,३६०,/०० | ४९,०००/०० | १,०००/०० |
| ३. | ०९/०७८/७९/ PNRM/NCB | दरभाउ पत्र | पिपरहवाको ठुलो पोखरीको उत्तर तर्फ रिटेनिंग वाल निर्माण, वडा नं. २ | १२,८८,७७०,/५१ | ३७,०००/०० | १,०००/०० |
| ४. | १०/०७८/७९/ PNRM/NCB | दरभाउ पत्र | वडा नं ४ सत्यनारायण पा सिको घर देखि हरिवनिया को घर सम्म आर सि सि ढलान तथा नाली निर्माण वडा नं ४ | १२,८७,७७०,/५१ | ३७,०००/०० | १,०००/०० |
| ५. | ११/०७८/७९/ PNRM/ NCB | दरभाउ पत्र | गोपालपुर धर्मशाला निर्माण ,पाल्हीनन्दन -०२ ,गोपालपुर | ८,५९,१८०/३४ | २५,०००/०० | १,०००/०० |
| ६. | १२/०७८/७९/ PNRM/ /NCB | दरभाउ पत्र | राजेन्द्र गुप्तको घर देखि शिव पार्वती प्रा वि सम्म आर सि सि ढलान तथा ढल निकास (गेरमा) | ७,७३,२६२,/०० | २२,०००/०० | १,०००/०० |

प्रमुख प्रशासकिय अधिकृत

श्री प्रसाद गौतम

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner